# श्री गंगदी सामुदायिक वन उपभोक्ता समूह

## राजपुर–६ गंगदी, दाङ

# बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८२।०२।११ गते

श्री गंगदी सामुदायिक वन उपभोक्ता समूह राजपुर गाउँपालिका–६ गंगदी, दाङको सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजनाअनुसार आ.व. २०८१/०८२ मा उत्पादन भई राजपुर गाउँपालिका–६ गंगदी, दाङ घाटगद्दीमा लट बनाई राखिएको साल, असना, सिरिष र सिसौ जातहरुको गोलिया थान ४६४ को २९४६.४६ घ.फि. काठ र विगतका वर्षहरूमा उत्पादन भई वन पैदावार आपूर्ति समितिलाई उपलबध गराएकोमा वन पैदावार समितिबाट फिर्ता भएको साल जातको गोलिया थान २१० को १५६७.५६ घ.फि. काठ गरी जम्मा गोलिया थान ६७४ को ४५१४.०२ घ.फि. काठ साथै साल जातको दाउरा १८ चट्टा र अन्य मिश्रित प्रजातिको दाउरा ६ चट्टा गरी जम्मा दाउरा २४ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीको लागि अनुरोध छ।

**अध्यक्ष**